# बर्दघाट नगरपालिका

नवलपरासी जिल्ला,
लुम्बिनी प्रदेश, नेपाल

## स्थानीय राजपत्र

खण्ड १ अंक: २ कार्तिक, २० गते २०८३ साल (संख्या: ०४)


### भाग-२

नगर कार्यपालिकाको मिति २०८३/०७/१६ मा स्वीकृत भएको देहाय वमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएकोछ ।

### गुणस्तरीय सिकाइ प्रवर्धनका लागि मेन्टर शिक्षक व्यवस्थापन कार्यविधि, २०८३

**प्रस्तावनाः**

राष्ट्रिय शिक्षा नीति, २०७६ ले स्थानीय तहले विद्यालयलाई केन्द्रविन्दु बनाएर शिक्षकको निरन्तर पेसागत विकास कार्यक्रमहरू सञ्चालन गर्ने अवधारणाअनुरूप बर्दघाट नगरपालिकाअन्तर्गत सञ्चालित सबै सामुदायिक विद्यालयहरूमा गुणस्तरीय सिकाइ प्रवर्धनका लागि शिक्षण सिकाइमा सहयोगात्मक सिकाइ विधिहरूको प्रभावकारी कार्यान्वयन गर्न मेन्टर शिक्षक व्यवस्थापन र परिचालनलाई प्रभावकारी र नतिजामुखी बनाउन वाञ्छनीय भएकाले,

नगर शिक्षा ऐन, २०७७ को दफा ५७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी बर्दघाट नगरपालिकाले यो कार्यविधि तयार गरी लागु गरेको छ ।

#### परिच्छेद - १

#### नाम, प्रारम्भ, परिभाषा र उद्देश्य

१. **नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "गुणस्तरीय सिकाइ प्रवर्धनका लागि मेन्टर शिक्षक व्यवस्थापन कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि प्रारम्भ हुने छ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "नगरपालिका" भन्नाले बर्दघाट नगरपालिका सम्झनुपर्छ ।

(ख) "मेन्टर शिक्षक" भन्नाले विद्यालयको सिफारिसमा नगरपालिकाबाट छनोट भएका र कक्षाकोठामा आधारित पेसागत सहायता प्रदान गर्न सक्ने दक्ष, अनुभवी र सहयोगात्मक सिकाइ विधिहरूमा तालिम प्राप्त गरी तिनको प्रयोगमा अभ्यस्त शिक्षक सम्झनुपर्छ।

(ग) "शिक्षक" भन्नाले शिक्षण सिकाइमा सहयोगात्मक सिकाइका विधिहरूको प्रयोगसम्बन्धी तालिम लिएका नगरपालिकाअन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा अध्यापनरत शिक्षक सम्झनुपर्छ।

(घ) "विद्यालय" भन्नाले प्रचलित कानूनबमोजिम स्थापना भई नगरपालिकाअन्तर्गत सञ्चालनमा रहेका सामुदायिक विद्यालय सम्झनुपर्छ।

(ङ) "कक्षाकोठामा आधारित शिक्षक पेसागत सहायता" भन्नाले विद्यार्थीहरूको गुणस्तरीय सिकाइ प्रवर्धन गर्न मेन्टर शिक्षकले शिक्षकको कक्षा अवलोकन गरी सहयोगात्मक सिकाइका विधिहरूको प्रभावकारी कार्यान्वयनका लागि रचनात्मक पृष्ठपोषण प्रदान गर्ने सहयोग प्रणाली सम्झनुपर्छ।

(च) "सहयोगात्मक सिकाइका विधिहरू" भन्नाले सिकाइ सहजीकरणका क्रममा विद्यार्थीहरूलाई जोडी वा साना समूहमा विभाजन गरी साझा उद्देश्य प्राप्त गर्न एकअर्कासँग सहकार्य, छलफल, विचार आदानप्रदान र पारस्परिक सहयोग गर्दै विद्यार्थीहरू सिकाइ प्रक्रियामा सक्रिय हुने विद्यार्थीकेन्द्रित शिक्षण विधिलाई सम्झनुपर्छ ।

३. **उद्देश्यः** मेन्टर शिक्षक व्यवस्थापन गर्नुको उद्देश्य देहायअनुसार रहेका छन्:

(क) शिक्षण सिकाइमा सहयोगात्मक सिकाइ विधिहरूको प्रयोगलाई मजबुद बनाउने,

(ख) कक्षाकोठामा आधारित पेसागत सहायता प्रदान गर्ने,

(ग) कक्षाकोठामा सहकार्यात्मक सिकाइ वातावरण प्रवर्धन गर्ने,

(घ) विद्यार्थीहरूको गुणस्तरीय सिकाइलाई प्रवर्धन गरी सिकाइ उपलब्धि बढाउने।

## परिच्छेद - २

## मेन्टर शिक्षकको छनोट प्रक्रिया

४. **मेन्टर शिक्षकको छनोट प्रक्रियाः** (१) देहायबमोजिमका योग्यता र अनुभव भएका शिक्षकलाई मेन्टरका रुपमा छनोट गर्नुपर्ने छः

(क) माध्यमिक तहको हकमा शिक्षाशास्त्रमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र आधारभूत तहको हकमा शिक्षाशास्त्रमा स्नातक उपाधि प्राप्त गरेको,

(ख) कम्तिमा पाँच वर्षको शिक्षण अनुभव भएको,

(ग) शिक्षण सिकाइसम्बन्धी तालिम प्राप्त गरेको,

(घ) कक्षा अवलोकन गर्न र रचनात्मक पृष्ठपोषण प्रदान गर्न सक्ने,

(ङ) मेन्टर बन्न इच्छुक भएको,

(च) समन्वय तथा सहकार्य गर्ने सिप भएको,

(छ) उच्च पेसागत आचरण र नैतिक मूल्य मान्यता भएको।

(२) बुँदा १ बमोजिम मेन्टर शिक्षक छनोट गर्दा नगरपालिकाअन्तर्गत माध्यमिक तह सञ्चालित विद्यालय भएमा ३ जना (माध्यमिक तह कक्षा ९-१० मा अध्यापन गर्ने १ जना, आधारभूत तह कक्षा ६-८ मा अध्यापन गर्ने १ जना र आधारभूत तह कक्षा १-५ मा अध्यापन गर्ने १ जना), आधारभूत तह (कक्षा १-८) सञ्चालित विद्यालय भएमा २ जना (आधारभूत तह कक्षा ६-८ मा अध्यापन गर्ने १ जना, आधारभूत तह कक्षा १-५ मा अध्यापन गर्ने १ जना) र आधारभूत तह (कक्षा १-५) सञ्चालित विद्यालय भएमा अध्यापनरत १ जना शिक्षकलाई छनोट गरिने छ ।

(३) बुँदा (२) मा उल्लेख भएबमोजिम मेन्टर शिक्षक छनोट गर्दा सोही तहमा अध्यापनरत स्थायी शिक्षक छनोट गर्नुपर्ने छ । स्थायी शिक्षक नभएमा सोही तहमा स्वीकृत दरबन्दीमा अध्यापनरत अस्थायी वा राहत दरबन्दीमा अध्यापनरत शिक्षक छनोट गर्न सकिने छ ।

(४) बुँदा (१), (२) र (३) मा उल्लेख भएबमोजिम मेन्टर शिक्षक छनोट गर्दा जेष्ठता र समावेशितालाई ध्यान दिइने छ तर आफूले पढाउने कक्षा र विषयमा विद्यार्थीहरूको न्यूनतम् सिकाइ उपलब्धि औसतभन्दा माथि भएको हुनुपर्ने छ ।

## परिच्छेद -३

## कक्षाकोठामा आधारित पेसागत सहायता प्रदान गर्ने प्रक्रिया

५. **सक्षमताहरूः** (१) सामुदायिक विद्यालयहरूमा गुणस्तरीय सिकाइ प्रवर्धनका लागि शिक्षण सिकाइमा सहयोगात्मक सिकाइ विधिहरूको प्रभावकारी कार्यान्वयन गर्न कक्षाकोठामा आधारित पेसागत सहायता पाउने शिक्षकमा देहायका सक्षमताहरू विकास हुने छन्:

(क) पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाबिचको अन्तर्सम्बन्धमा परिचित,

(ख) तयारी चरण, मुख्य सिकाइ चरण र सिकाइ सुदृढ गर्ने चरणलाई समेटी पाठयोजना निर्माण,

(ग) शिक्षण सिकाइमा सहयोगात्मक सिकाइका विधिहरूको प्रभावकारी कार्यान्वयन गरी सबै विद्यार्थीहरूको सिकाइमा समान र सक्रिय सहभागिता सुनिश्चित,

(घ) विद्यार्थीहरुको सिकाइको नियमित लेखाजोखा गर्दै सिकाइमा पछाडि परेका विद्यार्थीहरूलाई सुधारात्मक र उपचारात्मक शिक्षणका रणनीतिहरूको कार्यान्वयनमार्फत सहायता प्रदान ।

(२) मेन्टर शिक्षक र सहकर्मी शिक्षकले माथिका सक्षमताका लागि सँगै बसेर कार्ययोजना बनाउने, कक्षा अवलोकन गर्ने, पृष्ठपोषण आदानप्रदान गर्ने, नमुना कक्षा प्रदर्शन गर्ने, समीक्षा गर्ने, क्षमता विकास कार्यक्रममा सहभागी हुने, सकारात्मक सोँचको विकास गर्ने आदि काम गर्नुपर्ने छ।

६. **कक्षाकोठामा आधारित पेसागत सहायता प्रदान गर्ने प्रक्रियाः** (१) शिक्षण सिकाइमा सहयोगात्मक सिकाइ विधिहरूको प्रभावकारी कार्यान्वयन गर्नका लागि मेन्टर शिक्षकले कक्षाकोठामा आधारित पेसागत सहायता प्रदान गर्न देहायबमोजिमको प्रक्रिया अवलम्बन गर्नुपर्ने छ।

(क) मेन्टर शिक्षकले आफ्नो विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू र शिक्षकहरू सम्मिलित सुरूआती बैठक सञ्चालन गरी अभिमुखीकरण गर्ने र कार्ययोजना निर्माण गर्ने,

(ख) प्रत्येक महिना प्रत्येक शिक्षकको कम्तिमा एक पटक कक्षा अवलोकन गरी रचनात्मक पृष्ठपोषण प्रदान गर्ने । आफ्नो कक्षालाई बाधा नपर्ने गरी खाली (Lesuire) भएको समयमा शिक्षकको कक्षा अवलोकन गरी सहायता प्रदान गर्ने,

(ग) मेन्टर शिक्षकले कक्षा अवलोकन फारामको प्रयोग गरी पिरियडभरी नै कक्षामा बसी शिक्षकको कक्षा अवलोकन गर्ने।सिकाइ सहजीकरणमा सहयोगात्मक सिकाइका विधिहरूको प्रयोगमा केन्द्रित भई कक्षा अवलोकन गर्ने,

(घ) कक्षा अवलोकनपश्चात् ३० मिनेट जति आमनेसामने बसी प्रमाणमा आधारित भई छलफल तथा अन्तर्क्रिया गर्ने र रचनात्मक पृष्ठपोषण प्रदान गर्ने,

(ङ) कक्षा अवलोकनपश्चात् छलफल तथा अन्तर्क्रिया गर्दा शिक्षकले प्रयोग गरेका सहयोगात्मक सिकाइका विधिहरूको प्रयोगमा देखिएका राम्रा अभ्यासलाई प्रोत्साहित गर्दै सुधार गर्नुपर्ने पक्षमा रचनात्मक पृष्ठपोषण प्रदान गर्ने,

(च) सहकर्मी शिक्षकलाई पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकामा आधारित भई सहयोगात्मक सिकाइ विधिहरूको प्रयोग गरी सिकाइ सहजीकरण गर्नका लागि पाठयोजना निर्माण गर्न प्रेरित गर्ने र आफूले पनि पाठयोजना बनाई सिकाइ सहजीकरण गर्ने,

(छ) प्रत्येक महिना सहयोगात्मक सिकाइका विधिहरूको प्रयोग गरी कम्तीमा एउटा नमुना कक्षा प्रदर्शन गर्ने । उक्त नमुना कक्षा अवलोकनका लागि शिक्षकहरूलाई आमन्त्रण गर्ने। नमुना कक्षा प्रदर्शनपश्चात् अन्तर्क्रिया गराउने,

(ज) प्रत्येक महिना प्रत्येक शिक्षकबाट सहयोगात्मक सिकाइका विधिहरू प्रयोग गरी कम्तीमा एउटा नमुना कक्षा प्रदर्शन गर्न लगाउने र अन्य सबै शिक्षकलाई अवलोकनकर्ताका रूपमा सहभागी हुने व्यवस्था मिलाउने। नमुना कक्षा प्रदर्शनपश्चात् छलफल गराउने र पृष्ठपोषण आदानप्रदान गराउने,

(झ) प्रत्येक तीन महिनामा एक पटक प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र शिक्षकहरू सहभागी गराई विद्यालयमा समीक्षा गर्ने,

(ञ) बर्दघाट नगरपालिकाभित्र मेन्टर शिक्षकहरूको सिकाइ सञ्चालमा आबद्ध भई सिकाइका लागि सधैँ सक्रिय रहने,

(ट) नियमित रूपमा विद्यार्थी सिकाइ उपलब्धिको लेखाजोखा गर्न र सिकाइमा पछि परेका विद्यार्थीहरूलाई सुधारात्मक तथा उपचारात्मक शिक्षण गर्न शिक्षकहरूलाई प्रेरित गर्ने साथै आफूले पनि आवश्यकताअनुसार सुधारात्मक तथा उपचारात्मक शिक्षण गरी विद्यार्थीको सिकाइमा सुधार ल्याउने,

(ठ) शिक्षक स्टाफ बैठकमा कार्य प्रगतिको जानकारी गराउँदै सुधारका लागि सुझावहरू प्रस्तुत गर्ने,

(ड) प्रधानाध्यापकको मार्गनिर्देशनमा रही सहयोगात्मक सिकाइका विधिहरूको प्रयोगसम्बन्धी तालिम कार्यशाला सञ्चालन गर्ने,

(ढ) शैक्षिक वर्षको अन्त्यमा कक्षाकोठामा आधारित पेसागत सहायता प्रदान कार्यको वार्षिक प्रतिवेदन तयार गरी प्रधानाध्यापकमार्फत नगरपालिकामा पेस गर्ने ।

## परिच्छेद -४

## मेन्टर शिक्षकको क्षमता विकास र सहायता संयन्त्र

७. **मेन्टर शिक्षकको क्षमता विकास** (१) छनोट भएका मेन्टर शिक्षकलाई सहयोगात्मक सिकाइका विधिहरूको प्रयोग, कक्षा अवलोकनसम्बन्धी कम्तिमा पाँच दिने क्षमता विकास तालिम दिनुपर्ने छ।उक्त तालिमबाट मेन्टर शिक्षकहरू देहायका पक्षहरूमा सक्षम हुने छन्:

(क) कक्षाकोठामा आधारित पेसागत सहायताको अवधारणामा परिचित हुन,

(ख) कक्षाकोठामा आधारित पेसागत सहायता पाउने शिक्षकमा विकास हुने सक्षमताहरूमा परिचित हुन,

(ग) तयारी चरण (Anticipation phase), मुख्य सिकाइ चरण (Building knowledge phase) र सिकाइ सुदृढ गर्ने चरण (Consolidation phase) लाई समेटी पाठयोजना निर्माण गरी सिकाइ सहजीकरण गर्न,

(घ) सहयोगात्मक सिकाइका विधिहरूको प्रयोगमा केन्द्रित भई कक्षा अवलोकन फारामको प्रयोग गरी कक्षा अवलोकन गर्न र अवलोकनपश्चात् रचनात्मक पृष्ठपोषण प्रदान गर्न,

(ङ) सहयोगात्मक सिकाइका विधिहरूको प्रयोग गरी नमुना सिकाइ सहजीकरण गर्न,

(च) सहयोगात्मक सिकाइका विधिहरूको प्रयोगसम्बन्धी विद्यालयमा आधारित शिक्षक तालिम तथा कार्यशाला सहजीकरण गर्न,

(छ) सिकाइको नियमित लेखाजोखा गर्न र सिकाइमा पछाडि परेका विद्यार्थीहरूका लागि आवश्यकताअनुसार सुधारात्मक तथा उपचारात्मक शिक्षण रणनीतिको कार्यान्वयन गर्न ।

(२) सहयोगात्मक सिकाइका विधिहरूको प्रयोगसम्बन्धी केन्द्रीय तहका प्रशिक्षकबाट मेन्टर शिक्षकहरूका लागि क्षमता विकास तालिम सञ्चालन गर्नुपर्नेछ ।

(३) मेन्टर शिक्षकहरूका लागि प्रत्येक वर्ष कम्तीमा तीन दिनको पुनर्ताजगी तालिम सञ्चालन गर्नुपर्नेछ ।

(४) मेन्टर शिक्षकहरूको कार्यलाई नियमित, सान्दर्भिक, गुणस्तरीय, परिणाममुखी, प्रभावकारी बनाउन र आवश्यकताअनुसार मेन्टरहरूलाई निरन्तर प्राविधिक सहायता प्रदान गर्न सम्बन्धित विज्ञसहितको सहायता संयन्त्र बनाउनुपर्नेछ।

(५) प्रत्येक वर्ष उत्कृष्ट कार्यसम्पादन गर्ने मेन्टर शिक्षक र शिक्षकहरूलाई नगरपालिकाले तोकेको मापदण्डका आधारमा पुरस्कृत गर्ने प्रबन्ध मिलाउनुपर्नेछ ।

## परिच्छेद - ५

## विभिन्न सरोकारवालाहरूको भूमिका

८. **नगरपालिकाको भूमिकाः** (१) शिक्षण सिकाइमा सहयोगात्मक सिकाइ विधिहरूको प्रभावकारी कार्यान्वयनमार्फत गुणस्तरीय सिकाइ प्रवर्धन गर्न मेन्टर शिक्षक व्यवस्थापन कार्यलाई प्रभावकारी र गुणस्तरीय बनाउन नगरपालिकाको भूमिका देहायबमोजिम हुने छः

(क) तोकिएको मापदण्डका आधारमा मेन्टर शिक्षकहरूको छनोट गर्ने,

(ख) मेन्टर शिक्षकको क्षमता विकासका लागि तालिम सञ्चालन गर्ने,

(ग) मेन्टर शिक्षक व्यवस्थापनसम्बन्धी प्रधानाध्यापकहरूलाई अभिमुखीकरण गर्ने,

(घ) मेन्टर शिक्षकहरूको अभिलेख राख्ने,

(ङ) मेन्टर शिक्षकहरूको कार्यको नियमित अनुगमन गर्ने र सुधारका लागि आवश्यक निर्देशन दिने,

(च) मेन्टर शिक्षकहरूको कार्यलाई नियमित, सान्दर्भिक, गुणस्तरीय, परिणाममुखी, प्रभावकारी बनाउन र आवश्यकताअनुसार मेन्टरहरूलाई निरन्तर प्राविधिक सहायता प्रदान गर्न सम्बन्धित विज्ञसहितको सहायता संयन्त्र निर्माण गरी कार्यान्वयनमा ल्याउने,

(छ) कक्षाकोठामा आधारित शिक्षक पेसागत सहायताका लागि मेन्टर शिक्षक व्यवस्थापन कार्यलाई निरन्तर रूपमा कार्यान्वयन गर्न विद्यालयहरूलाई निर्देशन दिने तथा प्रोत्साहन गर्ने । विद्यार्थी सिकाइ उपलब्धिको समीक्षा गराउने,

(ज) विद्यालयमा विद्यार्थीहरूको सिकाइको नियमित लेखाजोखा गर्न र सिकाइमा पछाडि परेका विद्यार्थीहरूका लागि आवश्यकताअनुसार सुधारात्मक तथा उपचारात्मक शिक्षण रणनीतिहरूको कार्यान्वयनमा आवश्यक व्यवस्था मिलाउने,

(झ) नगरपालिकाभित्र मेन्टर शिक्षकहरूको सिकाइ सञ्जाल गठन गरी प्रत्येक दुई महिनामा कम्तिमा एक पटक सिकाइ सञ्जालको आमनेसामने वा भर्चुअल बैठक सञ्चालनको प्रबन्ध मिलाई कार्यअनुभव र राम्रा अभ्यास आदानप्रदान गर्न, समस्या वा चुनौतीहरू प्रस्तुत गर्न र समाधानका विकल्पहरूमा आधारित भई छलफल गर्न लगाउने र सिकाइ सञ्जालको अनुगमन गरी व्यवस्थित बनाउन आवश्यक निर्देशन दिने,

(ञ) मेन्टर शिक्षक व्यवस्थापन तथा परिचालनका लागि आवश्यक स्रोतको प्रबन्ध गरी आवश्यकताअनुसार सरकारी तथा गैरसरकारी सङ्गसंस्थाहरूसँग साझेदारी गर्ने,

(ट) उत्कृष्ट कार्यसम्पादन गर्ने मेन्टर शिक्षक र शिक्षकलाई नगरपालिकाले तोकेको मापदण्डका आधारमा पुरस्कृत गर्ने ।

९. **विद्यालयको भूमिकाः** (१) शिक्षण सिकाइमा सहयोगात्मक सिकाइका विधिहरूको प्रयोग गरी गुणस्तरीय सिकाइ प्रवर्धन गर्न कक्षाकोठामा आधारित शिक्षक पेसागत सहायताका लागि मेन्टर शिक्षक व्यवस्थापन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन विद्यालयको भूमिका देहायबमोजिम हुने छः

(क) तोकिएको मापदण्डका आधारमा विद्यालय व्यवस्थापन समितिको निर्णय गरी मेन्टर शिक्षक छनोटका लागि सिफारिस गर्ने,

(ख) नगरपालिकाबाट छनोट भएका मेन्टर शिक्षकलाई क्षमता विकास कार्यक्रममा सहभागी गराउने,

(ग) सिकाइ सहजीकरणमा सहयोगात्मक सिकाइका विधिहरूको प्रयोगलाई प्रभावकारी बनाउन मेन्टर शिक्षकलाई विद्यालयभित्रका शिक्षकहरूको कक्षा अवलोकन गर्न र रचनात्मक पृष्ठपोषण प्रदान गर्न लगाउने,

(घ) मेन्टर शिक्षक र शिक्षकहरूलाई नमुना कक्षा प्रदर्शन गर्न लगाउने,

(ङ) मेन्टर शिक्षकलाई विद्यालयमा आधारित तालिम वा कार्यशाला सञ्चालन गर्न सहयोग गर्ने,

(च) उत्कृष्ट कार्यसम्पादन गर्ने मेन्टर शिक्षक र शिक्षकलाई नगरपालिकाले तोकेको मापदण्डका आधारमा पुरस्कारका लागि सिफारिस गर्ने,

(छ) सरकारी र गैरसरकारी सङ्गसंस्थाहरूसँग सहकार्य तथा साझेदारी गर्ने ।

१०. **प्रधानाध्यापकको भूमिकाः** (१) गुणस्तरीय सिकाइ प्रवर्धनका लागि मेन्टर शिक्षक व्यवस्थापनलाई प्रभावकारी र नतिजामुखी बनाउन प्रधानाध्यापकको भूमिका देहायबमोजिम हुने छः

(क) सुरूआती बैठक सञ्चालन गर्न प्रबन्ध मिलाउने,

(ख) मेन्टर शिक्षकबाट नियमित रूपमा शिक्षकको कक्षा अवलोकन गर्न लगाउने, नमुना कक्षा प्रदर्शन गर्न लगाउने, पाठयोजना बनाई सहयोगात्मक सिकाइका विधिहरूको प्रयोग गरी सिकाइ सहजीकरण गर्न लगाउने, समीक्षा गराउने, आवश्यकताअनुसार सुधारात्मक र उपचारात्मक शिक्षण गर्न लगाई सिकाइ सुधारमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने,

(घ) मेन्टरहरूलाई सिकाइ सञ्चालमा आबद्ध भई छलफलमा सहभागी हुन अभिप्रेरित गर्ने,

(ङ) विद्यालयमा विद्यार्थीहरूको सिकाइ प्रवर्धनमा लागि सहयोगात्मक र सहयोगी वातावरण सिर्जना गर्ने,

(ङ) मेन्टर शिक्षकहरूको कार्यको प्रभावकारी अनुगमन गर्ने,

(च) मेन्टरहरूलाई निरन्तर प्राविधिक सहायता प्रदान गर्न गठित सहायता संयन्त्रसँग प्रभावकारी समन्वय र सहकार्य गर्ने,

(छ) शिक्षक पेसागत सहायता कार्यलाई प्रभावकारी बनाउन आवश्यक मार्गदर्शन प्रदान गर्ने,

(ज) मेन्टरहरूबाट पेस भएका प्रतिवेदनलाई अभिलेखका रूपमा विद्यालयमा व्यवस्थित गर्ने र वार्षिक प्रतिवेदन नगरपालिकामा पेस गर्ने ।

११. **सहायता संयन्त्रको भूमिकाः** (१) कक्षाकोठामा आधारित शिक्षक पेसागत सहायताका लागि मेन्टर शिक्षकहरूलाई निरन्तर प्राविधिक सहायता प्रदान गर्न गठित सम्बन्धित विज्ञसहितको सहायता संयन्त्रको भूमिका देहायबमोजिम हुने छः

(क) शिक्षक मेन्टरहरूको कार्यसम्पादनलाई प्रभावकारी र नतिजामुखी बनाउन निरन्तर सहायता प्रदान गर्ने,

(ख) शिक्षक मेन्टरहरूको क्षमता विकासमा सहयोग गर्ने,

(ग) शिक्षक मेन्टरहरूको सिकाइ सञ्चालको अनुगमन गरी थप प्रभावकारी बनाउन सहायता प्रदान गर्ने,

(घ) विद्यालय अनुगमन गरी तालिम प्राप्त शिक्षकहरूलाई प्राविधिक सहायता प्रदान गर्ने,

(ङ) प्रति महिना कम्तिमा १० जना शिक्षक मेन्टरहरूलाई भेटी छलफल तथा अन्तरक्रिया गर्ने र आवश्यकताअनुसार प्राविधिक सहायता उपलब्ध गराउने।

१२. **मेन्टर शिक्षकको भूमिकाः** (१) कक्षाकोठामा आधारित शिक्षक पेसागत सहायतालाई गुणस्तरीय र प्रभावकारी बनाउन परिच्छेद ३ (३) मा उल्लेख भएका बुँदाहरूका अलावा मेन्टर शिक्षकको भूमिका देहायबमोजिम हुने छ :

(क) कार्यतालिका बनाई कक्षाकोठामा आधारित पेसागत सहायता प्रदान गर्ने,

(ख) सहकार्यात्मक र सहयोगी वातावरणमा कक्षाकोठामा आधारित पेसागत सहायता प्राप्त गर्ने वातावरणको सिर्जना गर्ने,

(ग) शिक्षक सक्षमता विकासका बारेमा समीक्षा गर्ने,

(घ) आफ्नो पेसागत क्षमता विकासका कार्यक्रममा सहभागी हुने तथा प्रतिबद्ध रहने,

(ङ) प्रधानाध्यापकसँगको समन्वय र मार्गनिर्देशनमा कार्य सम्पादन गर्ने,

(च) शिक्षकहरूलाई कक्षाकोठामा आधारित पेसागत सहायताको अभिलेख व्यवस्थित गर्ने र प्रतिवेदन प्रधानाध्यापकलाई पेस गर्ने ।

१३. **शिक्षकको भूमिकाः** (१) कक्षाकोठामा आधारित शिक्षक पेसागत सहायतालाई गुणस्तरीय र प्रभावकारी बनाउन सम्बन्धित शिक्षकको भूमिका देहायबमोजिम हुने छ :

(क) सुरूआती बैठकमा सहभागी हुने,

(ख) कक्षाकोठामा आधारित शिक्षक पेसागत सहायताका लागि मेन्टर शिक्षकसँगै योजना तयार गर्ने,

(ग) सिकाइ सहजीकरणमा सहयोगात्मक सिकाइका विधिहरूको प्रयोगसम्बन्धी तालिममा सहभागी हुने,

(घ) तालिममा सिकेका सहयोगात्मक सिकाइका विधिहरूको कक्षाकोठामा अधिकतम् प्रयोग गरी बालबालिकाको सिकाइ प्रवर्धन गर्ने,

(ङ) तयारी चरण, मुख्य सिकाइ चरण र सिकाइ सुदृढ गर्ने चरणलाई समेटी पाठयोजना निर्माण गर्ने,

(च) पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकामा आधारित भई सिकाइ सहजीकरण गर्ने,

(छ) मेन्टर शिक्षक र सहकर्मी शिक्षकहरूको उपस्थितिमा नमुना कक्षा प्रदर्शन गर्ने,

(ज) मेन्टर शिक्षकसँग प्रभावकारी समन्वय र सहकार्य गर्ने,

(झ) मेन्टर शिक्षकको नमुना कक्षा प्रदर्शनको अवलोकन गर्ने,

(ञ) शिक्षकले मेन्टर शिक्षकबाट प्राप्त रचनात्मक सुझावहरूका आधारमा आफ्नो सिकाइ सहजीकरणलाई थप परिस्कृत गर्दै लैजाने प्रयत्न गर्ने,

(ट) नियमित रूपमा विद्यार्थी सिकाइ उपलब्धिको लेखाजोखा गर्ने र सिकाइमा पछि परेका विद्यार्थीहरूलाई आवश्यकताअनुसार सुधारात्मक तथा उपचारात्मक शिक्षण गर्ने ।

१४. **सङ्घसंस्थाको भूमिकाः** (१) कक्षाकोठामा आधारित शिक्षक पेसागत सहायतालाई गुणस्तरीय र प्रभावकारी बनाउन सङ्घसंस्थाको भूमिका देहायबमोजिम हुने छ :

(क) नगरपालिकासँग समन्वय र सहकार्य गरी मेन्टर शिक्षक र शिक्षकको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्न साझेदारी गर्ने,

(ख) मेन्टर शिक्षकहरूको कार्यलाई नियमित, सान्दर्भिक, गुणस्तरीय, परिणाममुखी, प्रभावकारी बनाउन र आवश्यकताअनुसार मेन्टरहरूलाई निरन्तर प्राविधिक सहायता प्रदान गर्न सम्बन्धित विज्ञसहितको सहायता संयन्त्रमा रही कार्य गर्ने,

(ग) मेन्टर शिक्षक, शिक्षकलगायतको क्षमता विकास, तालिममा सिकेका ज्ञान तथा सिपको कक्षाकोठामा प्रयोग, विद्यार्थी सिकाइ उपलब्धिको निरन्तर लेखाजोखा र सिकाइमा पछाडि परेका विद्यार्थीका लागि सुधारात्मक तथा उपचारात्मक शिक्षणका तरिकाहरुको कार्यान्वयनलाई प्रभावकारी बनाउँदै विद्यार्थी सिकाइ उपलब्धि बढाउन आवश्यकताअनुसार प्राविधिक तथा विज्ञस्तरको फलोअप सहायताका लागि सम्बन्धित विषयक्षेत्रका विज्ञको व्यवस्था गर्ने,

(घ) सिकाइ सहजीकरणमा सहयोगात्मक सिकाइका विधिहरूको प्रयोगका लागि सहायता उपलब्ध गराउन मेन्टर शिक्षकहरूलाई प्रेरित गर्ने,

(ङ) विद्यालयमा हुने नमुना कक्षा प्रदर्शन र उपलब्धि समीक्षा बैठकमा सहभागी हुने,

(च) नगरपालिकाको प्रत्यक्ष समन्वय र सहकार्यमा बालबालिकाको गुणस्तरीय सिकाइ प्रवर्धनसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने ।

## परिच्छेद - ६

## विविध

**१५. बाधा अड्काउ फुकाउः** (१) यस कार्यविधिमा भएका कुनै प्रावधानले कक्षाकोठामा आधारित पेसागत सहायता कार्यमा बाधा उत्पन्न भएमा त्यस्तो बाधा हटाउने अधिकार नगरपालिकामा रहने छ।

**१६. संशोधन वा परिमार्जनः** (१) यस कार्यविधिमा कुनै संशोधन वा परिमार्जन गर्ने अधिकार नगरपालिकामा रहने छ।

आज्ञाले

ऋषिराम भुसाल

प्रमुख प्रशासकीय अधिकृत